गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८१/०५/१३

समयः विहान ७:०० बजे

आज मिती २०८१/०५/१३ गते यस टेम्केमैयुङगाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थीती</u>

| | |
|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री विकेन पौडेल | प्रमुख प्रशासकीय अधिकृत |

श्री गंगा वहादुर तामाङ     का.वा. वडा अध्यक्ष वडा नं. ८

वैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

सुचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखापाल श्री अर्जुनजंग वस्नेत

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

शिक्षा शाखा प्रमुख श्री राजन ढकाल

योजना शाखा श्री लिला प्रसाद पराजुली

कार्यालय सहयोगी श्री सुवास गिरी

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२. कार्यविधि पारीत सम्वन्धमा ।
३. सूचना प्रकाशन सम्बन्धमा ।
४. खानेपानी मन्त्रालयबाट प्राप्त गाडीको मर्मत खर्च भुक्तानी सम्बन्धमा।
५. शिक्षा योजना अद्यावधिक तथा शिक्षा पार्श्वचित्र निर्माण सम्वन्धमा।
६. विज्ञ समूह निर्माण सम्बन्धमा।
७. बहुभाषिक भाषा पाठशाला स्थापनाको अनुमति सम्बन्धमा।
८. गाउँपालिकाको स्थायी कार्यालय र पद दर्ता गर्ने सम्वन्धमा ।
९. स्वास्थ्य भवन निर्माणका लागि वजेट माग गर्ने सम्वन्धमा ।
१०. विविध

<u>निर्णयहरु</u>

**निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

**निर्णय नं २ कार्यविधि पारीत सम्वन्धमा ।**

टेम्केमैयुङ गाउँपालिकाको खानी तथा नदीजन्य पदार्थको संकलन, उत्खनन, ओसारपसार र विक्रि वितरण सम्वन्धि कार्यविधि २०८१ माथी छलफल भइ पारीत गरियो ।

**निर्णय नं. ३ सूचना प्रकाशन सम्बन्धमा ।**

कोशी प्रदेश आर्थिक ऐन २०८१ र टेम्केमैयुङ गाउँपालिकाको खानी तथा नदीजन्य पदार्थको संकलन, उत्खनन, ओसारपसार र विक्रि वितरण सम्वन्धि कार्यविधि २०८१ मा भएको व्यवस्था अनुसार यस गाउँपाललिका अन्तर्गत निजि जग्गामा रहेको प्राकृतिक स्रोतहरुको उत्खनन, संकलन तथा विक्रि वितरण गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयलाई सूचना प्रकाशन गर्न आदेश दिने निर्णय गरियो ।

**निर्णय नं. ४ खानेपानी मन्त्रालयबाट प्राप्त गाडीको मर्मत खर्च भुक्तानी सम्बन्धमा।**

खानेपानी मन्त्रालय अन्तर्गत मेलम्ची खानेपानी आयोजना कार्यालयमा रहेको गाडी बा. १. झ. ५९२३ नम्बरको टोयटा हाइलक्स गाडी यस गाउँपालिकालाई हस्तान्तरण भएकाले उक्त गाडीको लागि आवश्यक पर्ने मर्मत संभारको लागि मेकानिकल ईन्जिनियरबाट तयार भएको स्टिमेट बमोजिमको रकम रु ४९९९६८।५० सवारी साधान मर्मत शिर्षकवाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ५ शिक्षा योजना अद्यावधिक तथा शिक्षा पार्श्वचित्र निर्माण सम्बन्धमा।**

स्थानीय तहको विद्यालय शिक्षा सुधार तथा परिवर्तनको लागि स्थानीय तहको आफ्नो परिवेश अनुसार शिक्षा योजना तथा शिक्षा पार्श्वचित्र पहिले नै निर्माण भएको तर केही समसामयीक विषयमा अद्यावधिक गर्नुपर्ने भएकाले उक्त अद्यावधिक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

- उक्त कार्यको लागि तलको एक शिक्षा योजना अद्यावधिक तथा शिक्षा पार्श्वचित्र निर्माण कार्यदल गठन गर्ने ।
  - अध्यक्षः श्री सरोज बस्नेत, गाउँपालिका अध्यक्ष,
  - सदस्यः श्री विकेन पौडेल, प्रमुख प्रशासकिय अधिकृत,

- सदस्य: श्री गणेश प्रसाद धिमाल, योजना शाखा प्रमुख,
- सदस्य: श्री लक्ष्मी प्रसाद घिमिरे छाङछाहाङ आ. वि. प्र.अ
- सदस्य सचिब: श्री राजन ढकाल, शिक्षा शाखा प्रमुख ।

- उक्त कार्यको शुरुवात गर्नेका लागि आवश्यक बजेट ससर्त अनुदानको शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम अन्तर्गत इमिस व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन, शैक्षिक योजना तर्जुमाको शिर्षकबाट खर्च गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विज्ञ समूह निर्माण सम्बन्धमा।**

यस गाउँपालिका मातहतमा अध्यापनरत शिक्षकको क्षमता बढाई विद्यार्थीको सिकाइ उपलब्धि बढाउनका लागि उनीहरुले अध्यापन गर्ने विभिन्न विषयमा सहयोग गर्नका लागि तपसिल बमोजिम शिक्षक पेशागत सहयोगका लागि विज्ञ समूह निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. संयोजक — श्री राजन ढकाल, शिक्षा शाखा प्रमुख
२. सदस्य- जयकला राई (अग्रेजी विषय)
३. सदस्य - लिलाराज काफ्ले (नेपाली विषय)
४. सदस्य- विजय कुमार कुश्वाहा (गणित विषय)
५. सदस्य- प्रमोद कुमार यादव (अंग्रेजी विषय)
६. सदस्य- निराजन राई (विज्ञान विषय)
७. सदस्य- सुमन कला राई (सामाजिक विषय)
८. सदस्य- रणवीर शाह (गणित विषय)
९. सदस्य-शान्ती राई (अंग्रेजी विषय)

**निर्णय नं. ७ बहुभाषिक भाषा पाठशाला स्थापनाको अनुमति सम्बन्धमा।**

यस गाउँपालिका अन्तर्गत वडा नं. ८ मा नेपालमाता बिद्यापिठ विगतमा स्थापना भई विविध कारणले वन्द भएकोमा हाल वडा नं. ८ गोगनेको सिफारीस तथा भाषा पाठशाला संचालकको माग वमोजिम उक्त विद्यापीठको पुनस्थापना गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ गाउँपालिकाको स्थायी कार्यालय र पद दर्ता गर्ने सम्वन्धमा ।**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेश विरानगरको मिति २०८०/११/१५ गतेको परिपत्र अनुसार कोशी प्रदेश किताबखाना स्थापना भई कार्य संचालन सुरु भएको हुँदा कोशी प्रदेश अन्तर्गतका स्थानीय तहहरुले स्थायी कार्यालय र स्थायी पदहरुको विवरण दर्ता गराउनु पर्ने भएकाले सो सम्वन्धमा मिति २०७३/११/२७ देखि यस गाउँपालिकाको स्थायी कार्यालय टेम्केमैयुङ गाउँपालिका, अन्नपूर्ण, भोजपुर रहेको र यस गाउँपालिकाबाट तयार गरिएको संगठन संरचना तथा दरवन्दी विवरण गाउँसभाबाट मिति २०८०/०३/१० गते स्वीकृत भएको र उक्त स्थायी कार्यालय र स्थायी पद दर्ताको लागि प्रदेश किताबखाना, कोशी प्रदेश विराटनगरमा पठाउने साथै उक्त गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा दरवन्दी अनुसारको पदहरुमा नियुक्त भएका/हुने कर्मचारीहरुले पाउने सेवा सुविधा यसै पालिकाबाट नै व्यहोरीने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ स्वास्थ्य भवन निर्माणका लागि वजेट माग गर्ने सम्वन्धमा ।**

यस गाउँपालिका अन्तर्गत वडा नं. १ तिम्मामा स्वास्थ्य चौकीको भवन नभएको कारणले सेवाग्राहीलाई सेवा प्रवाह र प्रसुती गराउन ज्यादै कठिनाई भएको र हाल सम्म कुनै पनि निकायवाट योजना तथा वजेट नपरेकोले वर्थिङ सेन्टर सहित मापदण्ड अनुसारको स्वास्थ्य भवन निर्माण गर्ने कार्यका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग पत्र पेश गर्ने निर्णय गरियो ।

विविध

**क) पदमार्गमा आधारीत पर्यटन विकास परियोजना समन्वय समिति गठन सम्वन्धमा ।**

यस गाउँपालिका भित्र पर्ने मुन्दुम पदमार्ग अन्तर्गतको पदमार्गमा आधारीत पर्यटन विकास परियोजना निर्माण कार्यका लागि आवश्यक सहयोग तथा समन्वय गर्न तपशिल वमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो

<u>तपशिल</u>

वडा नं. ३ वडा अध्यक्ष श्री पूर्णप्रसाद राई – संयोजक
वडा नं. १ वडा अध्यक्ष श्री नर वहादुर राई- सदस्य
वडा नं. २ वडा अध्यक्ष श्री वालचन्द्र राई- सदस्य
वडा नं. ४ वडा अध्यक्ष श्री हर्कराज राई- सदस्य
वडा नं. ५ वडा अध्यक्ष श्री सुनिल राई- सदस्य
वडा नं. ९ वडा अध्यक्ष श्री नभराज माङ्पाहाङ् – सदस्य
गाउँपालिका सव ईन्जिनियर श्री जितेन्द्र अधिकारी – फोकल पर्सन